कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः ०८ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७४/१०/२७

## भाग - २

## व्याक हो लोडर संचालन कार्यविधि २०७४

कनकाई राजपत्र

**प्रस्तावनाः**

कनकाई नगरपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत यस क्षेत्रका अन्य छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूमा समेत निर्माण गरिने भौतिक पूर्वाधारका कार्यहरूमा स–शुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको ब्याक-हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, वन्देजमा रही सञ्चालन गर्ने गराउने गरी कनकाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी यो**"ब्याक हो लोडर सञ्चालन कार्यविधि, २०७४"** स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **ब्याक हो लोडर सञ्चालन सम्वन्धि कार्यविधि, २०७४** रहने छ ।

(ख) यो कार्यविधिनगर कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) **नियमावली** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४लाई आधार मानी कार्यान्वयनमा आउने नियमावलीलाई सम्झनु पर्दछ ।

(ग) **नगरपालिका** भन्नाले कनकाईनगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) **नगरसभा** भन्नाले कनकाईनगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(ङ) **प्रमुख** भन्नाले कनकाईनगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

कनकाई राजपत्र

(च) **उपप्रमुख** भन्नाले कनकाई नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(छ) **नगरकार्यपालिका** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २ (ङ) मा भएको उल्लेखित व्यवस्थालाई सम्झनु पर्दछ ।

(ज) **प्रमुख प्रशासकिय अधिकृत**भन्नाले कनकाईनगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ)**वडाअध्यक्ष** भन्नले कनकाई नगरपालिकाका वडाअध्यक्षहरुलाई सम्झनु पर्दछ ।

(झ) **इन्जिनियर** भन्नाले कनकाई नगर कार्यपालिका कार्यालयको इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ञ) **कार्यालय** भन्नाले कनकाईनगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

## ३. उद्देश्य

कनकाईनगर कार्यपालिकाको कार्यालयबाटसञ्चालन गरिने भौतिक विकासका कार्यक्रमहरू, स्थानीय नगरबासी, सङ्घसंस्था तथा अन्य विकास आयोजनाहरू तथा छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूका विकास कार्यक्रमहरूमा माग भएअनुसार प्राथमिकताका आधारमा ब्याक हो लोडर प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्देश्य रहने छ ।

## ४. सञ्चालन विधि

कनकाईनगर कार्यपालिकाको कार्यालयमा रहेको**ब्याक-हो लोडर**सञ्चालनका लागि देहायको प्रकृया पुरा भएपश्चात् मात्र फिल्डमा खटाइनेछः

(क) **ब्याक-हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाबाटतोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(ख) **ब्याक-हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाको माग निवेदन उपर नगरप्रमुख/कार्यालय प्रमुखबाट आदेश भएपश्चात् के-कति समयका लागि माग गरिएको हो, माग गरिएको समय बराबरको नगर कार्यपालिकाको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम नगर कार्यपालिकाको कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ।

(ग) **ब्याक-हो लोडर**माग गर्ने व्यक्ति वा संस्थाले नगर कार्यपालिकाको कार्यालयले तोकेको शुल्क बुझाएपश्चात्नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ। यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ खटाउने व्यवस्था मिलाईने छ।

(घ) **ब्याक-हो लोडर**अपरेटरलाई नगर कार्यपालिकाको कार्यालयको स्वीकृत लिखित आदेशबिना कुनै स्थान विशेषमा मेशिन लगि काम गर्ने गराउने अधिकार रहने छैन।

(ङ) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल नगर प्रमुख/कार्यालय प्रमुखलाई खबर गरि थप कार्यआदेश लिएर थप समयको रकम अग्रिम नगरपालिकामा जम्मा गर्न लगाएरमात्र मेशिन सञ्चालन गर्नु पर्नेछ।

(च) मेशिन प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ।

(छ) मेशिन फिल्डमा खटाउदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले वुझाउनु पर्नेछ।

(ज) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरि कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको तोकिए

बमोजिमको अद्यावधिक अभिलेख भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(झ) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरू तथा सवारी लक बुकको व्यवस्था गरिने छ ।

(ञ) नगर कार्यपालिकाको कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गरिनेछ ।

(ट) **ब्याक-हो लोडर**माग गर्ने व्यक्ति वा सङ्घसंस्थाले **ब्याक-हो लोडर**शुल्क बुझाउदा कनकाई नगरपालिका कार्यालयको राजस्व काउण्टरमा नगदै जम्मा गर्नुवा यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, सुरुङ्गमा रहेको धरौटी खातामा रकम जम्मा गरी सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(ठ) **ब्याक-हो लोडर**काममा खटीई तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा अपरेटरको तथा योजना शाखा वा प्राविधिक शाखाको सिफारिसका आधारमामात्र नगर प्रमुख/कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गरिनेछ ।

ण) नगरपालिकाले आफ्नो कार्यको लागि ब्याक-हो लोडर प्रयोग गर्दा यो व्यवस्था लागु हुने छैन। यस्तो कार्यको लागि ब्याक-हो लोडर व्यवस्थापन एवं संचालन समितले तोकिए बमोजिम हुनेछ।

## ५. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नु पर्नेछ । इन्धन तथा लुब्रिकेन्टस खपतको अद्यावधिक लगत मेशिन अपरेटरले तयार गरि इन्जिनियरको सिफारिससहित कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(ख) इन्धन तथा लुव्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारको कार्य गर्दा गराउदा मेशिन अपरेटर वा इन्जिनियरवा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनु पर्नेछ ।

ङ) ब्याक हो लोडरबाट प्राप्त भएको आम्दानीलाई छुट्टै अभिलेख राखिनेछ। उक्त रकमबाट आवस्यक पर्ने इन्धन , कर्मचारी खर्च र मर्मतको लागि खर्च गर्न सकिनेछ

**६.ब्याक-हो लोडरसञ्चालन शुल्क**

कुनै व्यक्ति वा सङ्घसंस्थाबाटब्याक-हो लोडरमाग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| सि.नं. | **कामको प्रकार** | **इन्धन लगायत अन्य खर्च सहित** (प्रतिघण्टा) |
|---|---|---|
| १. | कनकाईनगरपालिका क्षेत्रभित्र नगरपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत् सञ्चालित योजनाहरू | |
| २. | कनकाईनगरपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्कापट्टामार्फत् सञ्चालित योजनाहरु | |

कनकाई राजपत्र

| | | |
|---|---|---|
| ३. | कनकाई नगरपालिका क्षेत्र भन्दा वाहिर अन्य छिमेकी नगरपालिका वा गाँउपालिका क्षेत्र भित्र भएका योजनाहरु | |

***अपरेटर र सहयोगी कर्मचारीलाई खाजा खाना तथा वास बस्नु परेमा बसोवासको ब्यवस्था सम्वन्धित प्रयोगकर्ताको दायित्व रहने छ ।***

## ७. कर्मचारी व्यवस्था

(क) **ब्याक-हो लोडर**सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना सार्वजनिक खरिद ऐन, २०६३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम सेवा करार गरिनेछ । करार सेवाको लागि छनौट गर्दा करार सम्झौतामा घटाघटमा कममा काम गर्न ईच्छुकलाई प्राथमिकता दिईने छ ।

(ख) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फि करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

## ८. ब्याक-हो लोडरब्यवस्थापन तथा सञ्चालन समिती

**क) ब्याक-हो लोडर** मेसिनलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको नगर प्रमुखको संयोजकत्वमा एक समिति रहने छः

- नगर प्रमुख -संयोजक
- प्रमुख प्रशासकीय अधिकृत -सदस्य
- वडाअध्यक्ष (३ जना) – सदस्य
- ईन्जिनीयर -सदस्य
- जिन्सी शाखा प्रमुख -सदस्य सचिव

**ख)** समितिले ब्याक–हो लोडर सञ्चालन शुल्कको पुनरावलोकन, मेसिन सञ्चालन तथा ब्यवस्थापनको लागि थप निर्देशन लगायतका कार्यहरु गर्ने छ ।

## ९. विविध

(क) मेशिनको माईलमिटर, घण्टा, मिनेट लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) मेशिन अपरेटरलाई आवश्यक सहयोग पुऱ्याउनका लागि आवश्यक परेको खण्डमा १ जना सहयोगी समेतको व्यवस्था गर्न सकिने छ । यसरी खटिने सहयोगीले जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा ज्याला पाउने ब्यवस्था मिलाईनेछ ।

(ग) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । नगरपालिकाका इन्जिनियर वा भण्डार प्रमुखले समेत मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनु पर्ने छ ।

(घ) मेशिन फिल्डमा खटाउने नखटाउने सिफारिस योजना शाखा तथा ईन्जिनीयरको हुनेछ ।

(ङ) यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा कार्यालयले थपघटवा संशोधन गर्न सक्नेछ ।

(च) मेशिनलाई क्षति नहुने गरी तोकिएको कार्य गर्नु पर्ने दायित्व चालकको हुने छ । ठूला ठूला रुख, ढलान आदी भत्काउने कार्य चालकले नगरपालिकामा जानकारी गराएर प्राप्त निर्देशन बमोजिम मात्र गर्नु पर्ने छ ।

# अनुसूची १

श्रीमान नगर प्रमुखज्यू,
मिति :
कनकाईनगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा ।

विषय : **व्याक हो लोडर उपलब्ध गरीपाँउ ।**

यस कनकाईनगर कार्यपालिकाको कार्यालयको ब्याक-हो लोडरआवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु/छौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याक-हो लोडरउपलब्ध गराई पाँउ ।

**ब्याक-हो लोडरमाग गर्नेले भर्ने :**

| ब्याक-हो लोडरमाग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याक-हो लोडरप्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

.................................
माग गर्नेको दस्तखत

**नगर कार्यपालिकाको कार्यालयको तर्फबाट भर्ने**

| न.पा. बाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

कनकाई राजपत्र

.......................... ......................

इन्जिनियर प्रमुख प्रशासकीय अधिकृत

पेश गर्ने सिफरिस गर्ने

**राजस्व शाखाले भर्ने :**

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

कानकाइराजपत्र

कनकाई राजपत्र

**(ब्याक-हो लोडरमर्मत सम्बन्धी निवेदनको ढाँचा )**

श्रीमान प्रमुख ज्यू
कनकाईनगर कार्यपालिकाकोकार्यालय
जामुनवारी , झापा ।
मिति :

विषय : **ब्याक-हो लोडरमर्मत सम्बन्धमा ।**

महोदय,

यस कनकाईनगर कार्यपालिकाको **ब्याक-हो लोडर**को तपशिलको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

**तपशिल**

| **समस्या आएको सामान वा पार्टसको विवरण** | **परिमाण** | **सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने** | **कैफियत** |
|---|---|---|---|
| | | | |

मेशिन अपरेटरको दस्तखत :
नाम :

**इन्जिनियरले भर्ने :**

उपरोक्त सामान फेर्नुपर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

.........................

दस्तखत

कनकाई राजपत्र

# अनुसूची ३

## ब्याकहो लोडर सञ्चालन लकवुक

कनकाइ नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
जमुनवारी, झापा

सवारी साधन नं....... चालकको नाम थर..........

| सि.नं. | मिति | कामको विवरण | शुरु अंक( घण्टा मिनेट) | अन्तिम अंक ( घण्टा मिनेट) | जम्मा घण्टा मिनेट | इन्धन खर्च ( अनुमानित) | अन्य खर्च | चालकको हस्ताक्षर | उ.स. वाट प्रमाणित गर्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | |

सिफारिस गर्ने रुजु गर्ने प्रमाणित गर्ने

इञ्जिनियर लेखा अधिकृत प्रमुख
प्रशासकीय अधिकृत

**आज्ञाले**
**रुद्रप्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

कनकाइराजपत्र